# विधुतिय नगर वस्तुस्थिती विवरण

# (Digital Urban Profile)

## २०७९, बैशाख

इनरुवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी
प्रदेश नं. १, नेपाल

| | |
|---|---|
| दस्तावेजः | विधुतिय नगर वस्तुस्थिति विवरण |
| सर्वाधिकारः | इनरुवा नगरपालिका, सुनसरी |
| प्राविधिक सहयोगः | फिनिक्स सोलुसन्स प्रा.लि., काठमाडौं |
| मितिः | बैशाख, २०७९ |

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानद्वारा व्यवस्थित नेपाल राज्यको पुनःसंरचनाअनुसार सम्पुर्ण नेपाल सात प्रदेश र ७५३ स्थानीय तहका सरकार संविधानप्रदत्त अधिकारसहित क्रियाशील छन् । नेपालको इतिहासमा पहिलोपल्ट स्थानीय सरकार वास्तवमै अधिकारसम्पन्न सरकारका रुपमा रहेको छ र यो अधिकारसँगै नतिजामूलक कार्यसम्पादन गर्नु पर्ने दायित्व पनि जोडिएको छ । यो दायित्व पूरा गर्न स्थानीय सरकारलाई आआफ्ना पालिकामा सञ्चालन गर्ने उपयुक्त र प्रभावकारी विकास योजना तर्जुमा गर्नु अपरिहार्य हुन आउँछ । वस्तुगत यथार्थमा आधारित विकास योजना मात्र उपयुक्त र प्रभावकारी हुन सक्छ । २१ औं शताब्दि सूचना प्रविधिको युग भएकोले वस्तुगत विवरण संकलन, प्रशोधन, प्रकाशन तथा सुरक्षणमा विधुतिय माध्यमको प्रयोग गर्दा उपयुक्त हुन्छ । यही परिप्रेक्षमा विधुतिय नगर वस्तुस्थिति विवरण (Digital Urban Profile) लाई हेर्नु पर्दछ ।

यस वस्तुस्थिति विवरणमा समेटिने विषय तथा तथ्यांकहरूका आधारमा कुन क्षेत्रमा नगरपालिकाको अवस्था कस्तो छ ?  के कस्ता समस्या रहेका छन् ? विकासका केकस्ता चुनौति तथा सम्भावना रहेका छन् ? भन्ने जस्ता विषयमा जानकारी हुने भएकाले यो यसले नगरपालिकाको समग्र वस्तुस्थिति झल्काउने हुनाले यसमा समेटिएको तथ्यांकका आधारमा बनाइने योजना बढी यथार्थपरक हुने अपेक्षा गरिन्छ । त्यस्तै, यसकै आधारमा नगरपालिकामा खास अवधिमा कुन क्षेत्रमा कति प्रगति हासिल हुन सक्यो भन्ने पनि हेर्न सकिन्छ । यसका अतिरिक्त, नगरपालिकाका बारेमा अध्ययन गर्न चाहने वा यहाँ कार्यक्रम सञ्चालन गर्न चाहने गैसस वा अगैसस जोसुकैका लागि पनि यो उपयोगी हुने गर्दछ ।

## १.२ उद्देश्य

नगर क्षेत्रको विकासको विद्यमान अवस्था, संभावना र स्रोतको सम्बन्धमा आवश्यक सूचना व्यवस्थापन गर्न नगरपालिकाको समग्र स्थिति झल्किने वस्तुगत विवरण तयार गर्नु यस प्रतिवेदनको प्रमुख उद्देश्य हो । यसका विशेष उद्देश्य देहायअनुसार रहेका छन् ।

- नगरपालिका क्षेत्रको प्रत्येक घरधुरीको तथ्यांक संकलन तथा विष्लेषणमा आधुनिक प्रविधि र Application को प्रयोग गर्ने
- नगरको जनसांख्यिक अवस्थिति, भू-जैविक, पुर्वाधार विकास, मानविय, आर्थिक, सामाजिक, वातावरणीय र संस्थागत क्षेत्रको विषयगत र वस्तुगत स्थिति चित्रण हुने गरी वस्तुगत विश्लेषण विवरण तयार गर्ने,

- नगरपालिका, विषयगत कार्यालय/शाखा, संघसंस्थाको विवरण, अध्ययन, सर्वेक्षण तथा प्रगति प्रतिवेदनबाट प्राप्त आधारभूत तथा संस्थागत तथ्याङ्क एकीकृत र विश्लेषण गरी विषयगत रुपमा नगरको एकीकृत वस्तुगत विवरण तयार गर्ने,
- नगरपालिकाको सेवा प्रवाह, स्थानीय राजस्वको आधार र दर निर्धारण र विकास निर्माण कार्यका लागि आवश्यक वस्तुगत तथा विषयगत सूचना उपलब्ध गराउने,

## १.३ कानुनी तथा नीतिगत आधारहरू

विधुतिय नगर वस्तुस्थिति विवरण तयारी कार्यलाई चरणबद्ध र व्यवस्थित रुपमा सञ्चालन गर्न देहाय अनुसारका कानूनी तथा नीतिगत आधारहरू रहेका छन् ।

**क. नेपालको संविधानः** नेपालको संविधानअनुसार स्थानीय तहको अधिकार अनुसूची ८ को क्रम संख्या नम्बर ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरिएको छ ।

**ख. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनः** नेपाल सरकारले नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतीकरण सम्बन्धी प्रतिवेदनमा स्थानीय तहको अधिकारलाई थप व्याख्या गरेको छ । जस अनुसार स्थानीय तहको तथ्यांकीय अभिलेख व्यवस्थापन र स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत र साधनको अभिलेख (प्रोफाइल) तयार गर्ने कुरालाई उल्लेख गरिएको छ ।

**ग. स्थानीयप सरकार सञ्चालन ऐन २०७४-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को च, ड र थ मा बेरोजगारहरूको विवरण सहित स्थानीय तहको तथ्यांक संकलन गरी नियमित रुपले अद्यावधी गर्दै जानु पर्ने उल्लेख छ । त्यसरी नै स्थानीय तहको विकास आवधिक र वार्षिक योजनाहरू बनाई सोको आधारमा योजनाबद्ध विकास गर्नु पर्ने कुरा उल्लेख छ भने वार्षिक र आवधिक योजना बनाउनको लागि समेत नगरको वस्तुगत विवरण तयार गर्नु पर्ने व्यवस्था छ ।

**घ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा कार्यविधि, २०७४-** यस कार्यविधिको दफा १ मा “प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले बनाउनु पर्ने र योजना र बजेट तर्जूमा गर्नु पूर्व स्थानयि तहको भौगोलिक, सामाजिक, आर्थिक तथसा पूर्वाधार लगायतका क्षेत्रको याथार्थ स्थिती देखिने गरी वस्तुस्थिति विवरण (Profile) तयार गर्नु पर्ने छ” भनि प्रष्ट रुपमा उल्लेख गरिएको छ ।

## १.४ वस्तुस्थिति विवरण तयारीका विधि तथा चरणहरू

नेपाल सरकारले उपलब्ध गराएको नगरपलिका वस्तुगत विवरण ढाँचा, विगतका सिकाई, सम्बन्धि विषय विज्ञका सुझाब र नगरपालिकाका सरोकारवालासँगको सहमतिअनुसार वस्तुगत विवरण तयार गरिएको छ । वस्तुस्थिति विवरण तयारीमा देहाय बमोजिम चरण र प्रक्रिया अवलम्बन गरिएको छ ।

### १.४.१ सेवा प्रदायक संस्था छनौट

इनरुवा नगरपालिकाको विधुतिय नगर वस्तुस्थिति विवरण तयारीको लागि कार्यक्षेत्रगत शर्त (TOR) र लागत अनुमान तयार गरी सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८५ बमोजिम परामर्श सेवा खरिद प्रक्रिया मार्फत फिनिक्स सोलुसन्स प्रा.लि., काठमाडौं छनौट भई सम्झौता तथा कार्यादिश दिईएको थियो ।

### १.४.२ सहमति निर्माण

विधुतिय नगर वस्तुस्थिति विवरण तयारीका लागि विद्यमान कानुनी तथा नीतिगत व्यवस्था तथा उपलब्ध कार्यविधि अनुसार नगर कार्यपालिकासँग राय परामर्शका आधारमा ढाँचा, तथ्याङ्कका विधि तथा प्रक्रिया अनुसार नगर वस्तुस्थिति विवरण तयार गरिएको छ । विधुतिय नगर वस्तुस्थिति विवरण तयारी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न सेवा प्रदायक संस्थालाई मार्गनिर्देशन प्रदान गर्ने उद्देश्यले इनरुवा नगरपालिकाका सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी दिई नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतज्यू संग प्रत्यक्ष समन्वयमा वस्तुस्थिति विवरण तयारी कार्य गरिएको थियो ।

### १.४.३ नगर वस्तुस्थिति विवरण तयारीको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि र प्रक्रिया निर्धारण

नेपाल सरकारबाट उपलब्ध स्थानीय तहको वस्तुगत विवरण तयारी ढाँचा, सर्वेक्षण औजार र कार्यविधिको आधारमा कार्यक्षेत्रगत शर्त तयार गरी सोहीअनुसार विधुतिय नगर वस्तुस्थिति विवरण तयार गर्ने निर्णय गरियो ।

### १.४.४ तथ्यांक संकलन

वस्तुगत विवरण तयारीका लागि मुख्य गरेर प्राथमिक र द्वितीयकश्रोतबाट तथ्यांक संकलन गरीएको छ । प्राथमिक श्रोतमा घरधुरी सर्भेक्षण फारम प्रयोग गरीएको थियो । घरधुरी सर्भेक्षणका लागि डिजाइन गरिएको मोवाइल एप प्रयोग गरि एन्ड्रोइट सिस्टमको स्मार्ट फोन सेट प्रयोग गरिएको थियो ।

द्वितीयकश्रोतबाट तथ्यांक संकलनका लागि संस्थागत र सहभागितामूलक सर्वेक्षण फारम उपयोग गरियो । तथ्याङ्क सङ्कलनका लागि उपयोग गरीएका घरधुरी सर्वेक्षण फारम अनुसूची १, संस्थागत सर्भेक्षण र सहभागितामूलक लेखाजोखामा प्रयोग गरिएका प्रश्नावलीअनुसूची २ मा प्रस्तुत गरिएको छ ।

संस्थागत तथ्याङ्कको प्रमुख श्रोतहरूमा नगर कार्यपालिका कार्यालय, जिल्लास्थित विषयगत तथा डिभिजन कार्यालय, केन्द्रीय तथ्यांक विभाग अन्तर्गतका कार्यालयहरू, शैक्षिक संस्था, स्वास्थ्य संस्था, गैसस र समुदायमा आधारित संस्था, वैंक तथा वित्तिय संस्था र उक्त कार्यालय, निकाय र संस्थाको अभिलेख तथा प्रतिवेदन र अनुसन्धानमूलक दस्तावेजहरू प्रमुख रुपमा रहेका छन् । सहभागितामूलक सर्भेक्षणमा निर्वाचित जनप्रतिनिधि, कर्मचारी, स्थानीय बुद्धिजीवीहरूबाट तथ्याङ्क संकलन गरियो ।

### १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र Dynamic Dashboard तयारी

प्राप्त तथ्याङ्कलाई सूचनाको आवश्यकता अनुसार तथ्याङ्कशास्त्रीय विधिद्वारा विश्लेषण गरियो । प्राप्त तथ्याङ्क तथा विवरणलाई विषय क्षेत्रगत, वडागत र सामाजिक संरचनागत (लैंगिक र जातीगत) रुपमा समेत विश्लेषण गर्ने प्रयास गरिएको छ । तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरणलाई सम्भव भएसम्म विषयगत, वडागत, लैंगिक र जातीगत रुपमा खण्डीकृत गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । तथ्याङ्क न्यूनतम भएका विषय तथा सूचकहरूमा केन्द्रीय तथ्यांक विभागको साविक गाविसको तथ्यांकलाई हालको वडागत मानसँग मेलखाने गरी प्रस्तुत गरिएको छ । यसैगरी जिल्लागत रुपमा मात्र प्रतिवेदन वा अभिलेखबाट प्राप्त तथ्यांकलाई नगरपालिकाको प्रतिनिधित्व हुने वा सामान्यिकरण गर्न मिल्ने हदसम्म सोही अनुसार हुने गरी उल्लेख गरिएको छ ।

विश्लेषणबाट प्राप्त सूचनाहरू मध्ये जनसांख्यिक विकास, भौगोलिक, पुर्वाधार विकास, आर्थिक विकास, शिक्षा, स्वास्थ्य तथा साँस्कृतिक विवरणलाई अनलाईन सिस्टममा आधारित dynamic dashboard तयार गरिएको छ।

### १.४.६ वस्तुगत विवरणको मस्यौदा तयारी

नेपाल सरकाबाट उपलब्ध नगर वस्तुस्थिति विवरणको स्तरीय ढाँचा, नगर कार्यपालिका र सरोकारसँगको छलफल र निस्कर्ष बमोजिम नगर वस्तुस्थिति विवरणको मस्यौदा तयार गरियो । मस्यौदा तयार गर्दा उपलब्ध स्तरीय ढाँचा, स्थानीय परिवेश र विशिष्टता विषय तथा सूचना र विवरणलाई समावेश गर्ने प्रयास गरिएको छ । मस्यौदामा सम्भव भएसम्मका सूचनालाई अनलाईन सिस्टममा आधारित dynamic dashboard मा प्रस्तुत गरिएको छ ।

### १.४.७ वस्तुगत विवरण सुझाव संकलन

विधुतिय नगर वस्तुस्थिति विवरणको मस्यौदा उपर जनप्रतिनिधिहरू र कर्मचारीहरू संग छलफल गरी सुझाव संकलन गर्नुका साथै वस्तुगत विवरणलाई औपचारिक रुपमा अनुमोदन गरी प्रस्तुत सूचना तथा विवरणलाई नगरपालिकाको आधाररेखा सूचनाको रुपमा लिई योजना तर्जुमा, नतिजा अनुगमन तथा विकासका उपलब्धीको लेखाजोखाको लागि प्रयोग गर्ने प्रतिवद्धता प्राप्त गरियो ।

### १.४.८ विधुतिय नगर वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी

विधुतिय नगर वस्तुस्थिति विवरण सुझाव संकलन गर्न आयोजित छलफलमा प्राप्त राय तथा सुझाव, विषयगत शाखा र सहयोगी निकायबाट समेत प्राप्त सुझावलाई समावेश गरी विधुतिय नगर वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयार गरियो ।

## १.५ सीमा

विधुतिय नगर वस्तुस्थिति विवरणलाई मूलतः नेपाल सरकारद्वारा जारी ढाँचामा आधारित रहि केही स्थानीय विशिष्टतालाई समेत समायोजन गरी तयार गरिएको छ । विवरणमा यथाशक्य बढी सूचना समाविष्ट हुने गरी तयारी गर्ने अभ्यास भएता पनि स्थानीय शासन संचालनको शुरुवाती अवस्था भएको हुँदा तथ्याङ्क व्यवस्थापन सम्बन्धी केही व्यवहारिक कठिनाईहरूका बाबजुद सम्बन्धित सबैको प्रयासबाट नगर वस्तुस्थिति विवरण तयारी कार्य पुरा गरिएको छ ।

प्रस्तुत तथ्यांकलाई सम्भव भएसम्म वडागत र सामाजिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकीकृत गर्ने प्रयास गरिएको छ । नवगठित नगरपालिकामा सीमित कानुनी तथा नीतिगत व्यवस्था, स्रोतसाधनको बाबजुद पहिलो प्रयासको रुपमा तयार गरिएको यस वस्तुगत विवरण आगामी दिनमा आवश्यकता अनुसार परिमार्जन गर्दै लैजान सकिनेछ ।

# परिच्छेद २ नगरपालिकाको परिचय

इनरुवा नगरपालिका नेपालको १ नं. प्रदेश अन्तरगत सुनसरी जिल्लाको सदरमुकाममा अवस्थित रहेको छ । यो नगरपालिकाको क्षेत्रभित्र तत्कालिन महेन्द्र राजमार्ग र हाल पूर्व-पश्चिम लोकमार्गको करीब ७ कि.मि.लम्बाइ रहेको छ। मिति २०७३/११/२७ मा भएको राज्य पुनर्संरचनामा साविक इनरुवा नगरपालिका, मधेशा, चाँदवेला, बबिया, जल्पापुर गा.वि.स र डुम्राहा गा.वि.स. को वडा नं. २,७,८ र ९ मिलाएर गठन गरिएको यस इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (स्थानीय सरकार) को भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरूलाई देहाय बमोजिमका शिर्षकहरूमा व्याख्या गरिएको छ ।

## २.१ भौगोलिक अवस्थिति

इनरुवा नगरपालिका भौगोलिक अवस्थितिका हिसाबले २६.३४ डिग्री देखि २६.३७ डिग्री उत्तरी अक्षांश र ८७.७ डिग्री देखि ८७.११ डिग्री पुर्वी देशान्तरमा फैलिएको छ । यहाँको अधिकतम तापक्रम २० देखि ३८ डिग्री सेन्टिग्रेड र न्यूनतम तापक्रम १९ देखि २४ डिग्री सेन्टिग्रेडसम्म रहेको छ भने वार्षिक सरदर वर्षा २१० से.मि. रहेको छ ।

भौगोलिक सिमाङ्कन अनुसार पूर्वमा गढी र पश्चिममा भोक्राहा नगरसिंह गाउँपालिका, उत्तरमा इटहरी उपमहानगरपालिका र रामधुनी नगरपालिका तथा दक्षिणमा हरिनगर गाउँपालिकाले घेरिएको छ । सुनसरी जिल्लाको कुल क्षेत्रफल १२५७ वर्ग किमिमध्ये ६.१९ प्रतिशत भुभाग ओगटेको इनरुवा नगरपालिकाको कुल क्षेत्रफल ७७.९२ वर्ग कि.मि. रहेको छ । वडा अनुसारको क्षेत्रफल देहाय अनुसारको रहेको छ ।

**तालिका नं. २.१ वडा अनुसारको क्षेत्रफल**

| वडा नं. | साविक नगरपालिका/ गा.वि.स. | क्षेत्रफल वर्ग कि.मि. | वडाले ओगटेको क्षेत्रफल प्रतिशत |
|---|---|---|---|
| १ | इनरुवा वडा नं. १ र २ | १.०५ | १.३५ |
| २ | इनरुवा वडा नम. ७ र ८ | ४.७६ | ६.११ |
| ३ | इनरुवा वडा नं. ३ र ५ | ४.४३ | ५.६९ |
| ४ | इनरुवा वडा नं. ४ र ६ | ५.२२ | ६.७१ |
| ५ | इनरुवा वडा नं. ९ र १० | ६.९४ | ८.९१ |
| ६ | मधेशा गा.वि.स. | १४.५२ | १८.६३ |
| ७ | चाँदवेला गा.वि.स. | १२.५४ | १६.०९ |
| ८ | डुम्राहा गा.वि.स. वडा नं. २, ७, ८ र ९ | ११.८२ | १५.१७ |

| | | | |
|---|---|---|---|
| ९ | वबिया गा.वि.स. | १०.७४ | १३.७८ |
| १० | जल्पापुर गा.वि.स. | ५.८९ | ७.५६ |

श्रोतः www.mofaga.gov.np

## २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

इनरुवा, इनरवा, इनर्वा जस्ता स्थान विशेष स-सना बस्ती अन्यत्र पनि सुनिन्छ तापनि सुनसरीको सदरमुकाम ईनरुवा भनेको छुट्टै महत्वशाली थलो हो । श्री ३ भीम शमशेरको शासनकालमा हजारौं वर्ष अघिदेखी जंगल रहि आएको यस भुमिमा ढालफडान गरि बस्ती बसाउने र कृषी उत्पादन बढाउने लक्ष्य लिईएको हो । नेपाली जनता स्वदेशमा रोजगारी नपाएर कोही सिक्किम, कोही भुटान, कोही बर्मा त कोही भारतको आसाम लगाएत बडेबडे शहर वा बस्तीहरूमा जाने क्रम बढ्दै गएपछि स्वदेशमा जनशक्तिको महत्वलाई अङ्गीकार गर्दै संवत १९८८ सालमा यहाँको जंगल फाँड्ने काम शुरु भयो । यस क्षेत्रको हजारौ बर्ष देखी एकदमै बाक्लीएर रहेको जंगल भए पनि झोडा फँडान गर्दा हाल इनरुवा अस्पतालको पुर्व उत्तर तर्फ काठको ढ्वाड. हालेर बनेको अत्यन्त जिर्ण इनार सार्वजनिक भएछ । त्यस पछि पनि भारतबाट चाँदवेला तिर डाँका गर्ने डाँकाहरू त्यही इनारको आडमा दिनभर दप्किएर राति डाँका गर्ने, फेरी त्यतै जंगलमा लुक्ने छिप्ने समेत गरेर पिरपिराउ पारेकाले उक्त पानीको स्रोतलाई चाँदबेलाका पीडित व्यक्तिहरूले परपार पारिदिएका रहेछन । पछि जंगल फँडानीका बेला "अवशेष" का रुपमा त्यो इनारलाई सबैले देखेछन । यस क्षेत्रको वरिपरिका मानिसहरूले उक्त इनार भेटिएको ठाउँलाई संकेतात्मक ढङ्गले नेपाली भाषीले ईनरुवा भने । कुनै मुल शब्द सँग सम्बन्ध देखाउन वा "वाला" को अर्थ दिन मुल शब्द (प्रकृती) मा "उवा" प्रत्यय जोडिने गर्छ । त्यो कृदन्त वा तद्धितान्त पनि हुन्छ, जस्तै कृदन्तमा सुत् + उवा - सुतुवा, डुल+उवा-डुलुवा (डुल्न सँग सम्बन्धित वा डुल्ने काममा सरोकार राख्ने भएझैं, र तद्धितान्तमा भात+ उवा-भतुवा बाटो+उवा-बटुवा ( बाटो सँग सम्बन्धित, बाटो सँग सरोकारवाला) बनेझै इनार+उवा-इनरुवा (इनार सँग सम्बन्धित वा इनारवाला ठाँउ) सार्थक भएको देखिन्छ । यसै "इनरुवा" लाई प्रायः तराईबासी मैथली, थरौटी र भोजपुरी भाषी व्यक्तिहरूले इनरुवा (इनर्वा पनि) भन्दछन ।

## २.४ राजनीतिक अवस्थिति

नेपालको प्रदेश नं. १ अन्तरगत सुनसरी जिल्लामा रहेका २ वटा उपमहानगरपालिकाहरू, ४ वटा नगरपालिकाहरू र ६ वटा गाँऊपालिकाहरू मध्ये इनरुवा नगरपालिका एक हो । यो नगरपालिकालाई राजनीतिक हिसाबले १० वटा वडाहरूमा विभाजन गरिएको छ । नगरपालिकाको केन्द्र इनरुवा हो ।

# परिच्छेद ३ जनसंख्याको अवस्था

यस परिच्छेदमा नगरपालिकाको घरधुरी, जनसंख्या, सामाजिक बनौट, उमेर समूह, धर्म, जाति समूह, पेशा व्यवसाय आदिका आधारमा जनसांख्यिक विवरण छुट्टा छुट्टै तालिकामा वडागत रुपमा प्रस्तुत गरिएका छन् ।

## ३.१ वडा अनुसार घरपरिवार र जनसंख्याको विवरण

| वडा नं. | घरधुरी | जनसंख्या | | | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | ९५१ | २१८९ | २२०६ | ४३९५ | १.१ | ४१८५.७ |
| २ | १२२१ | २९०९ | ३१०८ | ६०१७ | ४.८ | १२६४.१ |
| ३ | १६५७ | ३६३८ | ३६९५ | ७३३३ | ४.४ | १६५५.३ |
| ४ | १३२७ | ३१३० | ३४१९ | ६५४९ | ५.२ | १२५४.६ |
| ५ | १२२४ | २६५२ | २६६५ | ५३१७ | ६.९ | ७६६.१ |
| ६ | १५६६ | ३४८४ | ३४४७ | ६९३१ | १४.५ | ४७७.३ |
| ७ | १५१० | ३४०३ | ३५१८ | ६९२१ | १२.५ | ५५१.९ |
| ८ | १३२८ | ३०३६ | ३३१२ | ६३४८ | ११.८ | ५३७.१ |
| ९ | १८३२ | ४६१५ | ५०३१ | ९६४६ | १०.७ | ८९८.१ |
| १० | १३५३ | ३७२९ | ४०७९ | ७८०८ | ५.९ | १३२५.६ |
| जम्मा | १३९६९ | ३२७८५ | ३४४८० | ६७२६५ | ७७.९२ | ८६३.३७ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ३.२ मातृभाषाको आधारमा जनसंख्या विवरण

| वडा नं. | मातृभाषाको आधारमा जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नेपाली | मैथली | उर्दु | थारु | उराव | नेवारी | अन्य |
| १ | १५३२ | २३६६ | ११३ | ५९ | ५२ | १४७ | १२६ |
| २ | १११५ | ३९६३ | ७५५ | १६ | १३७ | १६ | १५ |
| ३ | ३३८९ | २६७७ | २२५ | ३२२ | ७३ | ३९६ | २५१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ८२२ | ४५१४ | ३७६ | ४७१ | ३३६ | ० | ३० |
| ५ | २५२७ | १५१८ | १० | ७५८ | ९० | ३५५ | ५९ |
| ६ | ३६९२ | १७२७ | ३०१ | ७१० | ६ | ३५५ | १४० |
| ७ | १३० | ३४६४ | ७४० | २००४ | ३२१ | ० | २६२ |
| ८ | २८३ | ४५८० | ८६ | ४६१ | ९३० | ८ | ० |
| ९ | ९९ | ६२४७ | २६५० | २५५ | २८५ | ४९ | ६१ |
| १० | ३५ | १८७० | ५७९१ | ७ | १०३ | ० | २ |
| जम्मा | १३६२४ | ३२९२६ | ११०४७ | ५०६३ | २३३३ | १३२६ | ९४६ |

श्रोत: घरधुरी सर्वेक्षण, २०७९

## ३.३ धर्म अनुसारको जनसंख्या विवरण

| वडा नं. | धर्मको आधारमा जनसंख्या | | |
|---|---|---|---|
| | हिन्दु | मुस्लिम | अन्य |
| १ | ४२७१ | ११३ | ११ |
| २ | ५२५७ | ७५५ | २ |
| ३ | ७०४२ | २२५ | ६६ |
| ४ | ६१६२ | ३७६ | ११ |
| ५ | ५२९७ | १० | १० |
| ६ | ६५९४ | ३०१ | ३६ |
| ७ | ६१७८ | ७४० | ३ |
| ८ | ६२२९ | ८६ | ३६ |
| ९ | ६९८१ | २६५० | १५ |
| १० | २०१५ | ५७९१ | २ |
| जम्मा | ५६०२६ | ११०४७ | १९२ |

श्रोत: घरधुरी सर्वेक्षण, २०७९

## ३.४ घरमुलीको विवरण

| वडा नं. | घरमुलीको लिंग | |
|---|---|---|
| | पुरुष | महिला |
| १ | ७९८ | १५३ |
| २ | ९७१ | २५० |
| ३ | १४५७ | २०० |
| ४ | १२१५ | ११२ |
| ५ | १०४८ | १७६ |
| ६ | १३३६ | २३० |
| ७ | १३०२ | २०८ |
| ८ | १११९ | २०९ |
| ९ | १६९६ | १३६ |
| १० | १२२४ | १२९ |
| जम्मा | १२१६६ | १८०३ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ३.५ घरमुलीको मुख्य पेशाको आधारमा विवरण

| वडा नं. | घरमुलिको मुख्य पेशाको आधारमा विवरण | | | | |
|---|---|---|---|---|---|
| | नोकरी/मज्दुरी | कृषि तथा पशुपालन | उद्योग तथा व्यापार | वैदेशिक रोजगार | अन्य |
| १ | ३१८ | ५२ | ३३६ | ३२ | २१३ |
| २ | ४१७ | १२४ | २७८ | ४४ | ३५८ |
| ३ | ७०६ | ८९ | ३७६ | ८६ | ४०० |
| ४ | ६८४ | १८९ | २१९ | ७२ | १६३ |
| ५ | ५०४ | २३३ | १२३ | ६६ | २९८ |
| ६ | ५२१ | ४४६ | ९० | १२४ | ३८५ |
| ७ | ७९६ | ३१३ | ९८ | ८१ | २२२ |
| ८ | ४६९ | ४०९ | ६४ | ५२ | ३३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ६९४ | ३७३ | २७७ | २९२ | १९६ |
| १० | ५४० | २१५ | १२४ | २६७ | २०७ |
| जम्मा | ५६४९ | २४४३ | १९८५ | १११६ | २७७६ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ३.६ अपांगताको आधारमा जनसंख्या विवरण

| वडा नं. | अपांगताको प्रकारको आधारमा जनसंख्या | | | |
|---|---|---|---|---|
| | पूर्ण अशक्त (रातो रंगको) | अति अशक्त (निलो रगको ) | मध्यम अपागता (पहेलो रंगको ) | सामान्य अपांगता (सेतो रगको) |
| १ | ५ | १२ | १ | १ |
| २ | १२ | २२ | ४ | १ |
| ३ | १२ | २३ | ५ | ० |
| ४ | ११ | १८ | ६ | १ |
| ५ | ११ | २७ | १० | ० |
| ६ | ६ | ५१ | ८ | ३ |
| ७ | ११ | ३१ | ६ | ० |
| ८ | २१ | २४ | ६ | १ |
| ९ | १९ | ३३ | १४ | ३ |
| १० | २१ | ३९ | ४ | १ |
| जम्मा | १२९ | २८० | ६४ | ११ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ३.७ वैवाहिक स्थिति अनुसार जनसंख्या विवरण

| वडा नं. | वैवाहिक स्थिति अनुसार जनसंख्या विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अविवाहित | विवाहित | विवाहित तर अलग बसेको | वहुविवाह | पुनःविवाह | विधुर/ विधवा | सम्बन्ध विच्छेद | उपलब्ध नभएको |
| १ | १८७२ | २३४१ | ७ | २ | ५ | १५४ | १० | ४ |
| २ | २५५७ | ३२६४ | २ | १८ | १ | १३२ | १७ | २६ |
| ३ | ३००७ | ३९४४ | १६ | ४२ | ६ | २६५ | १४ | ३९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २९४२ | ३३२३ | ४ | ३ | २ | २५३ | १२ | १० |
| ५ | २०५३ | ३०८८ | ८ | ७ | ० | १३५ | ५ | २१ |
| ६ | २६९३ | ३७५१ | २२ | ३० | २४ | ३६८ | १७ | २६ |
| ७ | २७१८ | ३९२० | १ | ३९ | १ | २१४ | ८ | २० |
| ८ | २७४३ | ३३८४ | ७ | २४ | १ | १५९ | ७ | २३ |
| ९ | ४३२२ | ४८८५ | २२ | ८५ | १७ | २६५ | २८ | २२ |
| १० | ३८३१ | ३८२२ | १० | १२ | ८ | ८९ | १४ | २३ |
| जम्मा | २८७३८ | ३५७२२ | ९९ | २६२ | ६५ | २०३४ | १३२ | २१४ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ३.८ बसोबास गरेको स्थानको आधारमा जनसंख्या विवरण

| वडा नं. | बसोबास गरेको स्थानको आधारमा जनसंख्या विवरण | | | |
|---|---|---|---|---|
| | गणना गरेकै ठाँउमा बसेको | स्वदेशमा अन्यत्र बसेको | विदेशमा बसेको | सम्पर्क विहिन/ वेपता |
| १ | ४१५६ | १५९ | ८० | ० |
| २ | ५५८९ | २६० | १६८ | ० |
| ३ | ६५४८ | ४४२ | ३४३ | ० |
| ४ | ६०८७ | २३८ | २२३ | १ |
| ५ | ४९५१ | २०० | १६० | ६ |
| ६ | ६४६१ | १७४ | २९३ | ३ |
| ७ | ६७८० | २९ | ११२ | ० |
| ८ | ६०११ | ६९ | २६८ | ० |
| ९ | ८९६५ | १३४ | ५४५ | २ |
| १० | ७१७० | ४७ | ५८९ | ३ |
| जम्मा | ६२७१८ | १७५२ | २७८१ | १५ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ३.७ व्यक्तिगत घटना दर्ता सम्बन्धि विवरण

इनरुवा नगरपालिकाको १० वटै वडाहरूमा २०७८।१।१ देखि २०७९।१२।३० गते सम्म दर्ता भएका व्यक्तिगत घटना दर्ताको विवरण

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्धविच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रोलिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रोलिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | ७६ | ६८ | | १४४ | ३० | १६ | | ४६ | | ७७ | ६३ | १९७ | ३१ | १०१ | | ३६१ |
| २ | ११९ | १०६ | | २२५ | २५ | २३ | | ४८ | २ | १३६ | ६० | २०१ | ४४ | १६० | | ५१५ |
| ३ | १०३ | ९३ | | १९६ | ४२ | २४ | | ६६ | ७ | १०३ | ८७ | ३३७ | ४१ | १२५ | | ५०० |
| ४ | १०७ | १०७ | | २१४ | २७ | २३ | | ५० | १ | ११२ | ५३ | १८८ | २९ | ९४ | | ४५९ |
| ५ | ७७ | ६२ | | १३९ | २४ | १० | | ३४ | ५ | ७७ | ५९ | १९४ | ३० | ९१ | | ३४४ |
| ६ | १०४ | १०३ | | २०७ | ३१ | २८ | | ५९ | ३ | १२७ | ४८ | २०२ | ४२ | १५३ | | ४८६ |
| ७ | १३२ | १३२ | | २६४ | ६० | ६१ | | १२१ | | २०८ | ३७ | ११६ | ३६ | ११५ | | ६६६ |
| ८ | १८० | २२४ | | ४०४ | ५३ | ४४ | | ९७ | १ | १६५ | ३४ | १०० | ३७ | ११५ | | ७३८ |
| ९ | १८५ | १९५ | | ३८० | ४३ | ४१ | | ८४ | २ | २०८ | ४४ | १७२ | ३३ | ११७ | | ७५१ |
| १० | १६३ | १६८ | | ३३१ | २३ | २१ | | ४४ | | २१७ | ९ | ४२ | ३६ | १२१ | | ६३७ |
| जम्मा | १२४६ | १२५८ | ० | २५०४ | ३५८ | २९१ | ० | ६४९ | २१ | १४३० | ४९४ | १७४९ | ३५९ | ११९२ | ० | ५४५७ |

स्रोतः VERSP-MIS System, इनरुवा नगरपालिका

## ३.८ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

आ.व. २०७९/०८० को तेस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्रप्ता गर्ने लाभग्राहीको विवरण

| वडा नं. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता) | क बर्ग | ख बर्ग (आर्थिक सहायता) | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| १ | २०६ | १० | ५५ | १०८ | ७ | १२ | १९ | ४१७ |
| २ | १७८ | ६ | ६२ | ८९ | १२ | २५ | ५ | ३७७ |
| ३ | ३७४ | ४२ | १०२ | १४२ | १२ | २४ | ७९ | ७७५ |
| ४ | १६८ | १७ | ७० | ८८ | ११ | १८ | ५७ | ४२९ |
| ५ | ३३९ | १० | ५० | ७१ | १० | २५ | ११ | ५१६ |
| ६ | ४९३ | ८२ | १२३ | ११० | ६ | ४९ | १५६ | १०१९ |
| ७ | २३३ | ३९ | ८६ | १०६ | १० | ३० | १३२ | ६३६ |
| ८ | ३२९ | ५८ | ९८ | १२६ | २० | २६ | ६१ | ७१८ |
| ९ | ३६१ | १२६ | ८९ | १०० | १९ | ३४ | २६१ | ९९० |
| १० | २६८ | ५९ | ५३ | ७१ | १६ | २७ | १२९ | ६२३ |
| जम्मा | २९४९ | ४४९ | ७८८ | १०११ | १२३ | २७० | ९१० | ६५०० |

स्रोतः VERSP-MIS System, इनरुवा नगरपालिका

# परिच्छेद ४ आर्थिक विकास

## ४.१ प्रमुख आर्थिक विवरण

### ४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधन विवरण

| वडा नं. | सिप सम्बन्धि विभिन्न तालिम लिएका जनशक्ति विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचना तथा प्रविधि, इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स (कम्प्युटर, विद्युत, मोवाईल, रेडियो घडी आदि | कला सम्बन्धी तालिम | सिलाई बुनाई, बुटिक, सृंगार, पार्लर आदि | जन स्वास्थ्य सम्बन्धी तालिम | वन सम्बन्धी तालिम | पशु स्वास्थ्य सम्बन्धी तालिम | कृषि सम्बन्धी तालिम | इञ्जिनियरिङ्ग, अटोमोवाइल र मेकानिक्स | निर्माण सम्बन्धी तालिम | अन्य तालिम |
| १ | १५ | १ | २६ | ० | १ | १ | ५ | ४ | ० | २ |
| २ | ४९ | ३८ | ५५ | ४० | ५ | ५ | १५ | १९ | २७ | ६ |
| ३ | ३० | ६ | ३० | ५ | ३ | ३ | २ | १९ | १ | ८ |
| ४ | ७० | २ | ६० | ० | १ | १ | ० | २ | ६ | २ |
| ५ | ३७ | ३ | ६४ | ६ | ३ | ३ | १४ | ९ | १० | २५ |
| ६ | २९ | ३ | ६६ | १२ | ५ | ५ | ६ | ४ | ६ | ५ |
| ७ | २१ | ० | ४६ | १ | ४ | ४ | ७ | ४ | १४ | १ |
| ८ | ५४ | ६ | ५८ | ४ | ४ | ४ | २८ | ४ | ८ | ६ |
| ९ | ३७ | ३६ | ८४ | १० | ८ | ८ | ३१ | २ | ८ | २ |
| १० | २५ | २ | ७६ | १४ | १ | १ | १३ | ९ | १९६ | १३ |
| जम्मा | ३६७ | ९७ | ५६५ | ९२ | ३५ | ३५ | १२१ | ७६ | २७६ | ७० |

### ४.१.२ मुख्य पेशा सम्बन्धी विवरण

| वडा नं. | मुख्य पेशाको आधारमा जनसंख्या विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नोकरी/ जागिर | ज्याला/ मज्दुरी | कृषि तथा पशुपालन | उद्योग तथा व्यापार | वैदेशिक रोजगार | विद्यार्थी (अध्यनरत) | गृहिणी | व्यवसायीक कार्य (पत्रकार, वकिल, ठेक्कापट्टा, परामर्श, पुजारी आदि ) | अन्य |
| १ | ३६२ | १९२ | ७६ | ५३० | १०४ | १००० | १०३० | ४४ | १९१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ४८० | ४४६ | १९१ | ४९७ | १५३ | १२३० | १३६८ | २८ | ३७० |
| ३ | ६६५ | ५११ | ११८ | ५३५ | २८२ | १४९३ | १५२४ | ८२ | ५६५ |
| ४ | ३२६ | ९४१ | ३६४ | ३८६ | १६० | १२३२ | १४१८ | २ | २०५ |
| ५ | ५१३ | ५२८ | ३६७ | १६० | १८२ | ९३३ | १२२६ | ५२ | २३१ |
| ६ | ५५० | ५११ | ६७९ | १९४ | ३१९ | ११०८ | १६०२ | २० | ३९६ |
| ७ | १४४ | १३८८ | ९४५ | १०९ | २२० | ८९३ | १४२५ | ३८ | २६६ |
| ८ | १५८ | ८९९ | ५९३ | १०७ | २५६ | १०७९ | १६४९ | १४ | १८० |
| ९ | ३०५ | १०३१ | ६०४ | ४०४ | ६१४ | १४४२ | २१९४ | ३० | ५२२ |
| १० | १७२ | ८४० | ५०१ | १३७ | ६१६ | १०१३ | १४८७ | ४० | ४९५ |
| जम्मा | ३६७५ | ७२८७ | ४४३८ | ३०५९ | २९०६ | ११४२३ | १४९२३ | ३५० | ३४२१ |

श्रोत: घरधुरी सर्वेक्षण, २०७९

### ४.१.३ औसत आम्दानी विवरण

| वडा नं. | वार्षिक औषत आम्दानी अनुसार परिवार संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | ५० हजार सम्म | (५०-१५०) हजार सम्म | (१५१-२५०) हजार सम्म | (२५०-५००) हजार सम्म | ५०० हजार भन्दा माथी | जम्मा |
| १ | ४६ | १७४ | २४५ | ३९६ | ९० | ९५१ |
| २ | १३३ | ३१३ | २७७ | ३९६ | १०२ | १२२१ |
| ३ | १८५ | २३४ | २६० | ७६६ | २१२ | १६५७ |
| ४ | ३८ | ३२३ | ५१८ | ३६० | ८८ | १३२७ |
| ५ | ३४ | १६१ | २४६ | ५८१ | २०२ | १२२४ |
| ६ | २५३ | ३९९ | ३६३ | ४६१ | ९० | १५६६ |
| ७ | १४२ | ३६० | ३७८ | ५६२ | ६८ | १५१० |
| ८ | १५८ | ३५४ | २३५ | ५३६ | ४५ | १३२८ |
| ९ | ६३ | २२६ | ४०६ | ७९९ | ३३८ | १८३२ |
| १० | ३५ | २९५ | २४३ | ६२१ | १५९ | १३५३ |
| जम्मा | १०८७ | २८३९ | ३१७१ | ५४७८ | १३९४ | १३९६९ |

श्रोत: घरधुरी सर्वेक्षण, २०७९

### ४.१.४ औसत खर्च अनुसार परिवार संख्याको विवरण

| वडा नं. | वार्षिक औषत खर्च अनुसार परिवार संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | ५० हजार सम्म | (५०-१५०) हजार सम्म | (१५१-२५०) हजार सम्म | (२५०-५००) हजार सम्म | ५०० हजार भन्दा माथी | जम्मा |
| १ | ४८ | २२२ | २९६ | ३४१ | ४४ | ९५१ |
| २ | १४६ | ३६९ | २८४ | ३५७ | ६५ | १२२१ |
| ३ | १६८ | २८० | ३४७ | ७६१ | १०१ | १६५७ |
| ४ | ५२ | ४८५ | ५०४ | २४० | ४६ | १३२७ |
| ५ | ४५ | २५३ | ३१९ | ५०२ | १०५ | १२२४ |
| ६ | १७७ | ४७५ | ३५५ | ४८५ | ७४ | १५६६ |
| ७ | २४६ | ५४३ | ४९८ | २०२ | २१ | १५१० |
| ८ | २६४ | ३८२ | ४८७ | १६९ | २६ | १३२८ |
| ९ | ६९ | ३३८ | ५८० | ६०२ | २४३ | १८३२ |
| १० | ७७ | ३८१ | ४७२ | ३५२ | ७१ | १३५३ |
| जम्मा | १२९२ | ३७२८ | ४१४२ | ४०११ | ७९६ | १३९६९ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ४.२ खाद्यान्न सुरक्षाको अवस्था

| वडा नं. | परिवारको आफ्नै उत्पादन वा आम्दानीले खान पुग्ने अवधिका आधारमा परिवार संख्या | | | |
|---|---|---|---|---|
| | ३ महिना सम्म | ४ देखि ६ महिना सम्म | ७ देखि ९ महिना सम्म | ९ महिना भन्दा बढी |
| १ | २२३ | ४८ | ६२ | ६१८ |
| २ | ३८८ | १०५ | २२७ | ५०१ |
| ३ | ३५० | ११० | १७१ | १०२६ |
| ४ | ३८४ | १७२ | ४१६ | ३५५ |
| ५ | १६० | ११ | १०९ | ९४४ |
| ६ | ४९५ | १६९ | १२१ | ७८१ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २६१ | ७१ | १०४ | १०७४ |
| ८ | ३०६ | ११६ | ४५४ | ४५२ |
| ९ | २३३ | ९२ | ५४३ | ९६४ |
| १० | ३९३ | १२६ | २५५ | ५७९ |
| जम्मा | ३१९३ | १०२० | २४६२ | ७२९४ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

## ४.३ आवास संरचना विवरण

### ४.३.१ बसोबास गरेको घरको स्वामित्व अनुसार परिवार संख्या

| वडा नं. | घरको स्वामित्वको आधारमा परिवार संख्या | | |
|---|---|---|---|
| | आफ्नै घर भएको | भाडामा बसेको | स्वामित्व नखुलेको |
| १ | ८६६ | ८३ | २ |
| २ | १०३३ | १६५ | २३ |
| ३ | १४६५ | १८९ | ३ |
| ४ | १०७७ | १०४ | १४६ |
| ५ | ११४० | ८२ | २ |
| ६ | १४८१ | ६५ | २० |
| ७ | १४७८ | २४ | ८ |
| ८ | १२७९ | १६ | ३३ |
| ९ | १५५९ | ४८ | २२५ |
| १० | १२१८ | ७० | ६५ |
| जम्मा | १२५९६ | ८४६ | ५२७ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

### ४.३.२ बसोबास गरेको घरको छाना अनुसार परिवार संख्या

| वडा नं. | घरको छानोको प्रकारको आधारमा घरधुरी संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | टीन वा जस्तापाता | टायल | फुस वा खरको छाना भएको | काठले छाएको | आर.सी.सी वा आर. बि.सि | अन्य |
| १ | २७३ | ८ | ११ | ९ | ६५० | ० |
| २ | ५५६ | ९ | ४२ | ० | ६१२ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ६४८ | २२ | २५ | ४ | ९५५ | ३ |
| ४ | ४८९ | ३० | ११५ | २०९ | ४४४ | ४० |
| ५ | ७२४ | २३६ | २२ | २९ | २११ | २ |
| ६ | १०२९ | ९ | २३ | ६ | ४९३ | ६ |
| ७ | १२१८ | ९४ | ६५ | ११ | १२१ | १ |
| ८ | १०८२ | २१ | १२४ | १० | ९१ | ० |
| ९ | १४५९ | ४५ | ३३ | ९ | २८४ | २ |
| १० | ८२६ | १८० | २४ | ४ | ३१९ | ० |
| जम्मा | ८३०४ | ६५४ | ४८४ | २९१ | ४१८० | ५६ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

### ४.३.३ घरको जगको आधारमा घरधुरी संख्या

| वडा नं. | घरको जगको प्रकारको आधारमा घरधुरी संख्या | | | | |
|---|---|---|---|---|---|
| | माटो र ढुंगा | सिमेन्ट र ढुंगा | फ्रेम स्टक्चर | काठको खम्बा | अन्य |
| १ | १०८ | ४२० | ४०१ | २२ | ० |
| २ | २९४ | ५०० | ३६६ | ५५ | ६ |
| ३ | ३१७ | ७९६ | ४९२ | ४८ | ४ |
| ४ | २८३ | ४६२ | २२० | ३४९ | १३ |
| ५ | २४१ | ४१३ | ३४५ | २०८ | १७ |
| ६ | २८३ | ८०३ | २९५ | १६७ | १८ |
| ७ | २६० | ४०४ | १६८ | ६७७ | १ |
| ८ | ६९४ | २०५ | ९१ | ३३६ | २ |
| ९ | ७९६ | ४०१ | २४५ | ३६२ | २८ |
| १० | ३४० | ५७८ | २१५ | २२० | ० |
| जम्मा | ३६१६ | ४९८२ | २८३८ | २४४४ | ८९ |

श्रोतः घरधुरी सर्वेक्षण, २०७९

४.३.४ घर तथा कोठाको संख्या

| वडा नं. | परिवारको घर संख्या | |
